Manchester School District
ALL HANDS UP!

प्रिय म्यान्चेस्टर स्कूल डिस्ट्रिक्ट परिवारहरू :

म्यान्चेस्टर स्कूल डिस्ट्रिक्ट हाम्रा स्कूलहरू र परिवारहरूबीच प्रभावकारी सञ्चारका लागि प्रतिबद्ध छ। हाम्रा यिनै प्रयासहरूको एउटा भागको रूपमा हामीले स्कूलमेसेन्जर भनीने स्वचालित (अटोमेटेड) सूचना प्रणाली प्रयोग गर्दैछौं। यस प्रणालीले आकस्मिक परिस्थिति र मौसम सम्बन्धित स्कूल बन्द भएका बेला हामीलाई हजारौं आमाबाबुहरू र अभिभावकहरूलाई छिटो फोन गर्न, टेक्स्ट गर्न र इमेल गर्ने अवसर दिन्छ।

स्कूलमेसेन्जर तपाईंले प्रदान गरेको सम्पर्क जानकारीको शुद्धतामा भर पर्छ। **त्यसैले तपाईंका फोन नम्बरहरु र इमेल ठेगानाहरूलाई अद्यावधिक (अपटुडेट) राख्न धेरै जरूरी हुन्छ।** तपाईंको सम्पर्क जानकारीमा कुनै पनि समायोजन कुनै पनि बेला गर्न सकिन्छ, सोझै तपाईंको बच्चा (हरू) को स्कूल (हरू) मा। स्कूलमेसेन्जरले हाम्रो फाइलमा भएका सम्पर्कहरूमा निरन्तर रूपमा तालमेल गर्दछ; सबै नयाँ फोन नम्बरहरू र इमेल ठेगानाहरू थप गरेपछि ती सूचनाहरूमा सामेल हुन्छन्।

तपाईंले स्कूलमेसेन्जरबाट आएको फोनको जबाफ दिँदा, तपाईंले रेकर्ड गरिएको आवाज सुन्नुहुनेछ।

- सो फोनकर्ताको कलर नम्बर म्यान्चेस्टर स्कूल डिस्ट्रिक्टको प्रमुख नम्बर हुनेछ : (६०३) ६२४-६३००
- यदि तपाईं फोनमा जबाफ दिनका लागि उपलब्ध हुनुहुन्न भने, स्कूलमेसेन्जरले भोइसमेल छोड्नेछ। कृपया पूरै सन्देश सुन्नुहोस्।
- स्कूल वा स्कूल डिस्ट्रिक्टको कार्यालयमा फोन नगर्नुहोस्। यदि सो आकस्मिक स्थितिको सूचना हो भने, त्यसमा निर्देशनहरू सामेल हुनेछन्।
- यदि स्कूलमेसेन्जरले व्यस्त सिग्नल भेट्यो, जबाफ आएन वा कल असफल भयो भने (जस्तै काटिएको नम्बर वा खराब लाइनहरू), सो प्रणालीले १५ मिनेटको फरकमा तीन पल्ट कोसिस गर्नेछ।

यदि तपाईंले आफ्नो एउटा वा बढी सम्पर्कका रूपमा सेल फोन नम्बर प्रदान गर्नुभएको छ भने, सो फोन नम्बर फोन कलदेखि बाहेक टेक्स्ट सन्देश पाउन पनि योग्य हुन्छ। स्कूलमेसेन्जर एउटा निशुल्क सेवा हो, तर तपाईंले टेक्स्ट सन्देशहरू पाउने विकल्प रोज्नु पर्छ, किनकि तपाईंको मोबाइल सेवा प्रदायकले प्रचलित सन्देश र डेटा दरहरू लागू गर्न सक्छ।

- **यदि तपाईंको सेल फोन नम्बर हाम्रो डेटाबेसमा आकस्मिक सम्पर्क नम्बरका रूपमा छ भने, तपाईंले ६७५८७ मा YES सन्देश पठाएर स्कूलमेसेन्जरबाट टेक्स्ट सूचना पाउन अनुरोध गर्न सक्नुहुन्छ।**
- **यदि तपाईंको सेल फोन नम्बर हाम्रो डेटाबेसमा छ र तपाईंले आफ्नो उपकरणबाट सो विकल्प रोज्नुभएको छैन भने, स्कूलमेसेन्जरले तपाईंलाई शुक्रबार, डिसेम्बर १ का दिन बिहान १०:०० बजे टेक्स्ट सन्देश पठाउनेछ।**
    - **विकल्प रोज्नका लागि, ६७५८७ बाट आएको सन्देशलाई Y वा YES लेखी जबाफ पठाउनुहोस्।**
    - **यदि विकल्प रोज्नुहुन्न भने, ६७५८७ बाट आएको सन्देशलाई STOP लेखी जबाफ पठाउनुहोस् वा सन्देशको वास्ता नगर्नुहोस्।**

यदि तपाईं टेक्स्ट सन्देशहरू प्राप्त गर्नका लागि अस्वीकार गर्नुहुन्छ भने, स्कूलमेसेन्जरबाट आफ्नो सेल फोनमा फोन कलद्वारा मात्र सूचनाहरू प्राप्त गर्नुहुनेछ। हाम्रो स्कूलमेसेन्जरमा थपिने कुनै पनि नयाँ सेल फोन नम्बरलाई स्कूलमेसेन्जर सम्पर्क डेटाबेसले स्वत: टेक्स्ट सन्देश प्राप्त गर्ने विकल्प रोजेको ठान्नेछ, डिसेम्बर १ पछि पनि।

स्कूलमेसेन्जर एउटा थप उपयोगी सञ्चार उपकरण हो र यसले म्यान्चेस्टर स्कूल डिस्ट्रिक्टमा भैरहेका वर्तमान सञ्चार विधिहरूलाई प्रतिस्थापित गर्नेछैन। हामी महत्त्वपूर्ण जानकारी रिपोर्ट गर्न जारी राख्नेछौं - जसमा मौसमका कारण स्कूल बन्द हुने पनि सामेल छन् - रेडियो र टिभी स्टेसनमा, हाम्रो एमएसडि वेबसाइटमा, हाम्रो सामाजिक सञ्चाल पृष्ठहरूमा र निक्सल मार्फत।

तपाईंको सहभागिताका लागि अग्रिम बधाई।

भवदीय,

बोल्गन भार्गास, इडि. डि.
स्कूलहरूको सुपरिन्टेन्डेन्ट